# सामुदायिक विद्यालयमा प्राथमिक तहका दलित विद्यार्थीहरुले विद्यालय छाड्नुका कारणहरु

शैक्षिक योजना तथा व्यवस्थापन **(EPM)** विषय अन्तर्गत स्नातकोत्तर तह द्वितीय वर्ष **(Ed 598)** को आंशिक आवश्यकता पूरा गर्नको लागि प्रस्तुत

**शोधपत्र**

**शोधकर्ता**


युवराज पाण्डे
तह : स्नातकोत्तर द्वितीय वर्ष
परीक्षा रोल नं. : २१४००८५
त्रि.वि. दर्ता नं. : ३६-०२२९४९

**त्रिभुवन विश्वविद्यालय**
**शिक्षाशास्त्र सङ्काय**
**सुकुना बहुमुखी क्याम्पस**
**शैक्षिक योजना तथा व्यवस्थापन विभाग**
**इन्द्रपुर, मोरङ**


**२०६६**

२०६५-४-१५

**<u>सिफारिश पत्र</u> ।**

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय अन्तर्गत सुकुना बहुमुखी क्याम्पस शैक्षिक योजना तथा व्यवस्थापन विभाग, इन्द्रपुर, मोरङमा स्नातकोत्तर तह दोस्रो वर्षमा अध्ययनरत छात्र **युवराज पाण्डेले "सामुदायिक विद्यालयका प्राथमिक तहमा अध्ययनरत दलित विद्यार्थीहरुले कक्षा छाड्नु (Dropout) का कारणहरु"** शीर्षक शोधपत्र मेरो पूर्ण निर्देशन, सल्लाह र सुझावको आधारमा तयार पार्नुभएको हो । निर्दिष्ट शोधढाँचामा तयार गरिएको उक्त शोधकार्य निजकोस्वतन्त्र अध्ययनको परिणाम हो । निज शोधकर्ताको यस कार्यप्रति म सन्तुष्ट छु र प्रस्तुत शोध-पत्रलाई शोध-पत्र मूल्याङ्कन समितिमा प्रस्तुत गर्न सिफारिश  गर्दछु ।

(सहायक प्राध्यापक गणेशप्रसाद दाहाल)

**शोध निर्देशक**

सुकुना बहुमुखी क्यामपसइन्द्रपुर, मोरङ्ग

२०६५-५-३१

## स्वीकृति-पत्र ।

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय अन्तर्गत सुकुना बहुमुखी क्याम्पस, इन्द्रपुर, मोरङमा शैक्षिक योजना तथा व्यवस्थापन विशिष्टीकरण विषय लिई स्नातकोत्तर तहमा अध्ययन गर्ने छात्र **युवराज पाण्डेले** यस तहको आंशिक आवश्यकता परिपूर्तिका लागि गर्नुभएको **"सामुदायिक विद्यालयका प्राथमिक तहमा अध्ययनरत दलित विद्यार्थीहरुले कक्षा छाड्नु (Dropout) का कारणहरु"** शीर्षकको शोध-पत्र मूल्याङ्कन समितिबाट स्वीकृत गरिएको छ ।

| क.स. | शोध मूल्याङ्कन समिति | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री लक्ष्मीकुमार श्रेष्ठ | विभागीय प्रमुख | |
| २ | श्री गणेशप्रसाद दाहाल | शोध निर्देशक | |
| ३ | प्रा.डा.वासुदेव काफ्ले | वाह्य परीक्षक | |
| ४ | | | |
| ५ | | | |

# कृतज्ञता

# (Acknowledgement)

त्रिभुवन विश्वविद्यालय शिक्षा शास्त्र संकाय शैक्षिक योजना तथा व्यवस्थापन विभाग, सुकुना बहुमुखी क्याम्पस अन्तर्गत शैक्षिक योजना तथा व्यवस्थापन विषयको स्नातकोत्तर तह दोस्रो वर्षको आंशिक आवश्यकता परिपूर्तिको निमित्त तयार पारिएको प्रस्तुत शोधपत्र शनिश्चरे स्रोतकेन्द्र अन्तर्गतका सामुदायिक विद्यालयका प्राथमिक तहमा अध्ययनरत् दलित विद्यार्थीहरुले बीचैमा विद्यालय छाड्ने कारणहरुसंग सम्बन्धित छ । अध्ययन क्षेत्रका बालबालिका, अभिभावक, शिक्षक, प्रधानाध्यापक, शनिश्चरे गा.वि.स., अर्जुनधारा गा.वि.स., खुदुनाबारी गा.वि.स., जि.शि.का, झापा तथा विभिन्न संध संस्थाहरुबाट प्राप्त तथ्याङ्क तथा जानकारीका आधारमा तयार पारिएकोले दलित समुदायका बालबालिकाहरुको शैक्षिक विकाससँग सम्वन्धित उपयुक्त शैक्षिक कार्यक्रम छनौंट तथा सञ्चालनार्थ  उपयोगी सिद्ध हुने कुरामा मेरो  पूर्ण विश्वास छ ।

प्रस्तुत शोधपत्र शैक्षिक योजना तथा व्यवस्थापन विभाग, सुकुना बहुमुखी क्याम्पसका शिक्षक आदरणीय गुरु श्री गणेशप्रसाद दाहालज्यूको कुशल निर्देशनमा तयार पारिएको हो । आफ्नो कार्यव्यस्तताका वावजुद पनि शोध-पत्र तयार गर्ने क्रममा संधै सद्भावपूर्ण तरिकाले कत्ति पनि झर्को नमानी प्रदान गर्नुभएको वहाँको निर्देशनप्रति म हृदयदेखि नै कृतज्ञता ज्ञापन गर्दछु ।

शोध-पत्र तयार गर्ने क्रममा महत्वपूर्ण सल्लाह र सुझाव एंव आवश्यक निर्देशन प्रदान गर्नुहुने सुकुना वहुमुखी क्याम्पसका क्याम्पस प्रमुख श्री रामप्रसाद काफ्लेज्यू, सहायक  क्याम्पस प्रमुख श्री पीतकुमार श्रेष्ठज्यू र शैक्षिक योजना तथा व्यवस्थापन विभागका प्रमुख आदरणीय गुरु श्री लक्ष्मीकुमार श्रेष्ठज्यूप्रति म हार्दिक कृतज्ञता ज्ञापन गर्दछु ।

प्रस्तुत शोध-पत्र निर्माणार्थ तथ्याङ्क संकलन गर्ने क्रममा आवश्यक विविध सूचना, जानकारी एवम् तथ्याङ्कहरु उपलव्ध गराई सहयोग गर्नुहुने जि.शि.का. झापा, शनिश्चरे, अर्जुनधारा र खुदुनावारी गा.वि.स.हरु, नयाकिरण समाज, दलितसंघ झापा, नेपाल

उत्पीडित जातीय मुक्ति समाज, अरुणोदय प्रा.वि. र नवदुर्गा प्रा.वि. अर्जुनधारा, कालीस्थान मा.वि. र लक्ष्मी नि.मा.वि, शनिश्चरे, भानु नि. मा.वि. र गणेश प्रा.वि. खुदुनावारी लगायत विभिन्न संघसंस्था, अभिभावकज्यूहरु तथा बालबालिकालाई म हृदयदेखि नै धन्यवाद दिन चाहन्छु ।

अन्तमा, प्रस्तुत शोधको डिजाइन एवम् छपाइमा सहयोग गर्नुहुने खनाल कम्युनिकेशन, बिर्तामोडका श्री चेतामणि खनाललाई धन्यवाद दिन चाहन्छु । मेरो यस कार्यप्रति सद्भाव राख्ने तथा सहयोग गर्ने सम्पूर्ण आफन्तजन, मित्रजन, सहपाठी मित्रहरु र शुभचिन्तक महानुभावहरुलाई हार्दिक धन्यवाद दिंदै प्रस्तुत शोधपत्र अन्य शोधकर्तालाई उपयोगी हुने र पिछडिएका समूहका बालबच्चाहरुबाट हुने गरेको शैक्षिक क्षति कम गर्ने उचित कार्यक्रमहरु छनौट गर्नमा उपयोगी हुनेछ भन्ने विश्वास व्यक्त गर्दछु । धन्यवाद ।

शोधकर्ता
युवराज पाण्डे
एम.एड.दोस्रो वर्ष

# शोध सार (Abstract)

यो शोध-पत्र सामुदायिक विद्यालयका प्राथमिक तहमा अध्ययन गर्ने दलित विद्यार्थीहरुले तह पूरा नगरी बीचैमा विद्यालय छाड्ने समस्यासंग सम्बन्धित छ । यो अध्ययन त्रि.वि. शिक्षाशास्त्र संकाय शैक्षिक योजना तथा व्यवस्थापन विभाग सुकुना वहुमुखी क्याम्पस अन्तर्गत स्नातकोत्तर तह दोस्रो वर्षको आंशिक आवश्यकता पूर्तिको लागि तयार गरिएको हो ।

यस अध्ययनका उद्देश्यहरु अध्ययन क्षेत्र शनिश्चरे स्रोतकेन्द्र अन्तर्गतका प्राथमिक विद्यालयहरुमा दलित विद्यार्थीहरुको भर्नाको स्थिति र सहभागिताको अध्ययन गर्ने, अध्ययन क्षेत्रका विद्यालयहरुको कक्षा १ मा सहजै देखिने भर्नादर (GER) र खुद भर्नादर (NER) पत्ता लगाउने, स्रोतकन्द्र अन्तर्गतका विद्यालयहरुमा विद्यालय छाड्ने दलित विद्यार्थीहरुको संख्या पत्ता लगाउने र दलित विद्यार्थीहरुले बीचैमा विद्यालय छाड्नुका कारण पत्ता लगाउनुका साथै बीचैमा विद्यालय छाड्ने दर घटाउने उपायहरु सुझाउन सिफारिस गर्नु रहेको छ । यस अध्ययनका लागि अध्ययन क्षेत्र छनौट गर्ने क्रममा झापा जिल्लाका मध्य उत्तरमा पर्ने शनिश्चरे स्रोतकेन्द्र अन्र्तगतका शनिश्चरे, अर्जुनधारा र खुदुनावारी गा.वि.स.हरु प्रत्येकबाट दुईवटाका दरले जम्मा ६ वटा विद्यालयका प्राथमिक तहमा अध्ययनरत दलित छात्र छात्राहरुको छनौट गरिएको छ ।

यस अध्ययनमा प्राथमिक र द्वितीय स्रोतका तथ्याङ्कहरुलाई आधार बनाइएको छ । अभिभावक, पढाइ छाडेका बालबालिका, प्रधानाध्यापक, शिक्षक, विद्यालय व्यवस्थापन समिति अध्यक्ष, जिल्ला शिक्षा कार्यालय झापा, शनिश्चरे गा.वि.स., अर्जुनधारा गा.वि.स. खुदुनावारी गा.वि.स., जि.वि.स. झापा, दलितसंग सम्वन्धित गैह्रसरकारी संस्थाहरुबाट उद्देश्यमूलक रुपमा प्रश्नावली, अन्तर्वार्ता, सहभागितामूलक अवलोकन र समूह छलफल विधिबाट तथ्याङ्क संकलन गरी सो को विश्लेषण र निर्ष्कष निकालिएको छ ।

अध्ययनबाट दलित बालबालिकाको विद्यालयमा सहभागिता सन्तोषजनक नरहेको, विद्यालयमा उनीहरुको नियमितता कमी रहेको, विद्यालय छाड्ने दर बढी रहेको पाइयो । दलित बालबालिकाका अभिभावकहरुको साक्षरताको स्तर र शिक्षाप्रतिको चासो कम रहेको देखिन्छ । बालबालिकाहरु घरको काममा संलग्न हुनु परेको र शिक्षाप्रति

बालबालिका एवम् अभिभावक उदासीन रहेको देखिन्छ । यसो हुनाको प्रमुख कारक तत्वहरुमा अशिक्षा, गरिबी, वेरोजगारी र निषेधात्मक सामाजिक परिवेश रहेका छन् ।

उक्त समस्यालाई समाधान गर्न दलित समुदायमा चेतनामूलक कार्यक्रम सञ्चालन गर्ने, उनीहरुसंग समान व्यवहार गर्ने, उनीहरुको सहभागिता वृद्धि र स्थायित्वको निम्ति छात्रवृत्ति तथा निशुल्क शिक्षा कार्यक्रम सञ्चालन गर्ने, दलित अभिभावकहरुका लागि सीपमूलक तालिमको व्यवस्था गरी रोजगारी दिलाउने, आय आर्जनको व्यवस्था मिलाई दिने, प्रौढका लागि कार्यमूलक प्रौढ साक्षरता कार्यक्रम सञ्चालन गर्ने, बालविकास तथा शिशुस्याहार केन्द्र स्थापना गर्ने, उदार कक्षोन्नति नीतिलाई प्रभावकारी रुपमा सञ्चालन गर्ने, अतिरिक्त समयमा शिक्षण कार्यक्रम सञ्चालन गर्ने, सहयोगी प्रकृतिका कार्यहरु सञ्चालन गर्ने, जिल्ला शिक्षा कार्यालयले यस्तो लक्षित वर्गको लागि विशेष कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्ने र जातिय विभेदीकरण अन्त्य गर्ने जस्ता समाधानका उपायहरु सिफारिस गरिएको छ ।

# विषय सूची


पाठ शीर्षक पेज नं.

सिफारिश पत्र i

स्वीकृति पत्र ii

कृतज्ञता ज्ञापन iii

शोधसार v

विषय सूची vii

## अध्याय एक (CHAPTER ONE)
## परिचय (INTRODUCTION)
## १ - १३

१.१ अध्ययनको पृष्ठभूमि (Background of the Study) १

१.२ शीर्षक परिचय (Introduction to the Topic) ७

१.३ समस्याको कथन (Statement of the Problem) ८

१.४ अध्ययनको औचित्य (Rationale of the Study) १०

१.५ अध्ययनका उद्देश्यहरु (Objectives of the Research) ११

१.६ अनुसन्धानात्मक प्रश्नहरु (Research Questions) ११

१.७ अध्ययन क्षेत्रको परिचय १२

१.८ अध्ययनको परिसीमा (Delimitations of the Research) १३

## अध्याय दुई (CHAPTER TWO)
## सैद्धान्तिक खाका र सम्बन्धित साहित्यकोपुनरावलोकन १४ - ३२
### (THEORETICAL FRAMEWORK AND REVIEW OF RELATED LITERATURE)

२.१ सैद्धान्तिक खाका (Theoretical Framework) १४

२.२ सम्बन्धित साहित्यको पुनरावलोकन (Review of Related Literature) २०

२.३ पुनरावलोकनको शैक्षिक उपादेयता ३१

## अध्याय तीन (CHAPTER THREE)
## शोध विधि ३३- ३७
### (RESEARCH METHODOLOGY)

३.१ परिचय (Introduction) ३३

३.२ शोध ढाँचा (Research Design) ३३

३.३ अध्ययन क्षेत्रको छनौट र चिनारी (Selection and Introduction to the Research Area) ३३

३.४ नमूना छनौट विधि (Sampling Method) ३४
३.५ शोधका साधनहरु (Instrumentation) ३५
३.६ तथ्याङ्कको स्रोत (Sources of Data) ३५
३.७ तथ्याङ्क संकलन प्रक्रिया (Data Collection Procedure) ३६
३.८ अध्ययनका सूचकहरु (Indicators) ३६
३.९ विश्लेषण प्रकृया (Analysis Procedure) ३७

## अध्याय चार (CHAPTER FOUR)

**तथ्याङ्क विश्लेषण, व्याख्या तथा प्रस्तुतीकरण ३८- ६७**
**(ANALYSIS, INTERPRETATION AND PRESENTATION )**
४.१ प्रस्तुती र व्याख्या ३८
४.२ झापा तथा अध्ययन क्षेत्रको जनसंख्या विवरण ३८
४.३ झापा तथा अध्ययन क्षेत्रको दलित जनसंख्या विवरण ४०
४.४ अध्ययन क्षेत्रको विद्यार्थी विवरण ४३
४.५ दलित विद्यार्थी विवरण ४५
४.६ दलित विद्यार्थीले विद्यालय छाड्ने कारणहरु ४७
४.७ अभिभावकको धारणा ५१
४.८ विद्यालय छाड्ने विद्यार्थीको धारणा
४.९ विद्यालय व्यवथापन समितिको धारणा ५६
४.१० खुद भर्नादर र सहजै देखिने भर्नादर विवरण ६०
४.११ दलित विद्यार्थीको विद्यालय छाड्ने दर कम गर्नमा विभिन्न संघसंस्थाको भूमिका ६४

## अध्याय पाँच (CHAPTER FIVE)

**परिणाम, निष्कर्ष र सुझाव ६८ - ७५**
**(FINDINGS, CONCLUSION AND RECOMMENDATIONS)**
५.१ प्रप्ति (Findings) ६८
५.२ निष्कर्ष (Conclusions) ७०
५.३ सुझावहरु (Recommendations) ७२

**सन्दर्भ ग्रन्थसूची (REFERENCE)**
**अनुसूचीहरु (APPENDICES)**

# तालिका सूची


| क्र. स. | तालिका नम्बर | तालिका शीर्षक | पेज नम्बर |
|---|---|---|---|
| १ | १ | नमूना छनौट | ३४ |
| २ | २ | जनसंख्या विवरण | ३९ |
| ३ | ३ | दलित जनसंख्या विवरण | ४१ |
| ४ | ४ | विद्यार्थी विवरण | ४३ |
| ५ | ५ | दलित विद्यार्थी विवरण | ४५ |
| ६ | ६ | विद्यालय छाड्ने विवरण | ४७ |
| ७ | ७ | विद्यालय छाड्ने कारणहरु | ४८ |
| ८ | ८ | पढाइ प्रतिको रुचि | ४९ |
| ९ | ९ | विद्यालय छाड्नुका जिम्मेवार पक्ष | ५० |
| १० | १० | विद्यालय छाड्ने कारण | ५१ |
| ११ | ११ | पढाइ छाड्ने विद्यार्थीको व्यवसाय | ५२ |
| १२ | १२ | जिम्मेवारी | ५३ |
| १३ | १३ | पढाइप्रति रुचि | ५४ |
| १४ | १४ | पुनः विद्यालय भर्ना | ५५ |
| १५ | १५ | विद्यार्थीको दिनचर्या | ५६ |
| १६ | १६ | वैठकको नियमितता | ५७ |
| १७ | १७ | दलित अभिभावकको दृष्टिकोण | ५८ |
| १८ | १८ | विद्यालय छाड्नुका कारण | ५९ |
| १९ | १९ | विद्यालय सहभागिता वृद्धि | ६० |
| २० | २० | NER र GER | ६१ |
| २१ | २१ | कक्षा १ को NER र GER | ६३ |

# चित्र सूची


| क. स. | चित्र नम्बर | चित्र शीर्षक | पेज नम्बर |
|---|---|---|---|
| १ | १ | झापाको जनसंख्या विवरण | ३९ |
| २ | २ | अध्ययन क्षेत्रको जनसंख्या विवरण | ४० |
| ३ | ३ | झापाको दलित जनसंख्या | ४१ |
| ४ | ४ | सनिश्चरेको दलित जनसंख्या | ४१ |
| ५ | ५ | अर्जुनधाराको दलित जनसंख्या | ४२ |
| ६ | ६ | खुदुनावारीको दलित जनसंख्या | ४२ |
| ७ | ७ | विद्यार्थी विवरण २०६३ | ४३ |
| ८ | ८ | विद्यार्थी विवरण २०६४ | ४४ |
| ९ | ९ | दलित विद्यार्थी विवरण २०६३ | ४५ |
| १० | १० | दलित विद्यार्थी विवरण २०६४ | ४६ |
| ११ | ११ | पढाइ छाडेर बसेका बालबालिकाहरुको व्यवसाय | ५२ |

# संक्षिप्त शव्दको रुप (Abbreviation)

आ.प्रा.शि.प.- आधारभूत तथा प्राथमिक शिक्षा परियोजना

गा.वि.स.- गाउँ विकास समिति

जि.शि.का.- जिल्ला शिक्षा कार्यालय

नि.मा.वि.- निम्न माध्यमिक विद्यालय

प्र.अ.- प्रधानाध्यापक

प्रा.वि.- प्राथमिक विद्यालय

वि.नि.- विद्यालय निरीक्षक

वि.व्य.स.- विद्यालय व्यवस्थापन समिति

मा.वि.- माध्यमिक विद्यालय

शै.स.- शैक्षिक सत्र

A.D. – Anno Domini

B.C. – Before Christ

BPEP- Basic and Primary Education Programme

CERID-

EFA- Education For All

GER- Gross Enrollment Rate

NER- Net Enrollment Rate

OSP- Out of Schooling Programme